
# पूर्वाञ्चल क्षेत्र

# मानवअधिकार स्थितिसूचक

वर्ष १, अङ्क २

साउन २०६९

## विगत तीन महिनाको मानवअधिकार स्थिति
(अप्रिल-जुन २०१२)




## पूर्वाञ्चल क्षेत्रद्वारा सम्पन्न विविध क्रियाकलापहरू

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
पूर्वाञ्चल क्षेत्रीय कार्यालयद्वारा प्रकाशित

सल्लाहकार
सोमराज थापा

संयोजन/सम्पादन
दीपेन नेउपाने

व्यवस्थापक
शकुन्तला बराल
बागमती कट्टेल
पिताम्बर न्यौपाने
गंगा दाहाल

सहयोगी
दिलिप चौधरी
भुवनेश्वर राजवंशी

फोटो
इन्सेक जिल्ला प्रतिनिधि

विराटनगर उपनपा–१५ जनपथ टोल, मोरङ
फोन : ०२१–४७१०२५/४७११२७
फ्याक्स :०२१ ४७१५२१
email : biratnagar@insec.org.np
Website: www.inseconline.org

# महिला तथा बालबालिका हिंसामा तराइक्षेत्र अग्रपङ्क्तिमा

पूर्वाञ्चलको मानवअधिकारको अवस्थाकामा बारेमा हामीले अघिल्लो अङ्कमा अङ्ग्रेजी महिना सन् २०१२ को जनवरीदेखि मार्चसम्मको तीन महिनाको विश्लेषण पस्किसकेका छौँ। यस अङ्कमा हामी अङ्ग्रेजी महिना सन् २०१२ को अप्रिलदेखि जुनसम्मको तीन महिनाकै मानवअधिकारको अवस्थाका बारेमा विश्लेषण गर्न गइरहेका छौँ। पछिल्लो यस तीन महिनाको अवधिमा राज्यपक्षबाट मानवअधिकार उल्लङ्घन र हननका घटनाहरू उल्लेखीय र गम्भीर प्रकृतिका भएनन्। तथापि गैरराज्यपक्षबाट हुने अपराध र ज्यादतीका घटनाहरूमा उल्लेखीय सुधार आउन सकेको छैन। विशेषगरी महिला तथा बालबालिकाउपर हुने दुर्व्यवहार तथा ज्यादतीका घटनाहरू यो तीन महिनाको अवधिमा पनि न्यूनीकरण हुन सकेनन्। विशेषतः १८ वर्षमुनि उमेर समूहका बालबालिकाहरू र त्योभन्दा माथि ८५ वर्षसम्म उमेर समूहका महिलाहरू परिवारभित्र तथा बाहिरबाट हिंसाको शिकार हुन पुगे।

महिला तथा बालबालिका माथि हुने हिंसाका घटनाहरू पूर्वाञ्चलका १६ जिल्लामध्ये तराई क्षेत्रका चारओटा जिल्लामा भारी मात्रामा हुने गरेको तथ्याङ्कले पुष्टि गरेको छ। सिरहा, सप्तरी, सुनसरी र झापा यी चार जिल्लाको महिला तथा बालबालिका माथि हुने हिंसाका घटना तथ्याङ्क र बाँकी १२ जिल्लाको तथ्याङ्क तुलना गर्दा सो कुरा पुष्टि भएको हो। सबैभन्दा बढी सिरहा र त्यसपछि सप्तरी जिल्लामा महिला तथा बालबालिकाउपर हुने हिंसाका घटनाहरू हुने गरेका छन्। ती जिल्लाहरुमा बालबालिकाको अपहरण, दाइजो नल्याएका कारण महिलाविरुद्धका अमानवीय व्यवहार तथा हत्याका घटनाहरूमा अझै पनि सुधार आउन सकेको छैन। जहाँसम्म ती घटनाहरुमा कानुनी कारबाहीको सवाल छ, त्यो पर्याप्त, उचित र न्यायोचित हुन सकेको छैन।

यसो हुनुमा सरकारी वा गैरसरकारी दुवै पक्षको पहलकदमी प्रभावकारी हुन नसकेको प्रस्ट हुन्छ। सरकारी संयन्त्र पीडितको पक्षमा जसरी प्रभावकारी रूपमा लाग्नुपर्ने हो सो हुन नसकेको घामजस्तै छर्लङ्ग छ । वर्तमान सरकारले बालसुरधारगृहको नीतिमा हालै परिवर्तन गरेर निजी क्षेत्रलाई हस्तान्तरण गर्नुले पनि ऊ जिम्मेवार छैन भन्ने पुष्टि हुन्छ। त्यस्तै महिलाविरुद्ध हुने सबैखाले घटनाहरूको छिनोफानो गर्न सरकारले जारी गरेको महिला हिंसाविरुद्धको ऐन पनि कार्यान्वयन नहुँदा आरोपित पक्षको मनोबल बढ्ने गरेको छ। यसको कार्यान्वयन गर्ने सवालमा स्थानीय सरकार पनि चुकेको देखिन्छ। उसले पीडित बनेका आमनागरिकको अपेक्षा पूरा गर्न सकेको छैन।

स्थानीय सरकारको सानो तथा तल्लो निकाय प्रहरी चौकीले महिला तथा बालहिंसाका घटनाहरूको उजुरी लिन र न्याय दिन सक्रिय भए घटनामा न्यूनीकरण हुने सम्भावना धेरै हुन्छ। त्यस्तै स्थानीय गाउँ विकास समितिले एउटा छुट्टै कक्षा राखेर महिला तथा बालबालिकाहरूको समस्या समाधान गर्ने परिपाटिको विकास गरेमा ठूलो सफलता हुने थियो। त्यसका लागि सबै सरोकारवालाहरूको पहलकदमी धेरै महत्त्वपूर्ण सावित हुन सक्छ। जसलाई टेवा दिन गैरसरकारी संघसंस्थाहरूले अभियान सञ्चालन गर्नु जरुरी हुन्छ। जसले गर्दा स्थानीय सरकार बलियो हुनु अति आवश्यक हुन्छ।

**सोमराज थापा**
क्षेत्रीय संयोजक

# पूर्वाञ्चल क्षेत्रको मानवअधिकार : तीन महिनाका प्रतिनिधिमूलक घटना

(०६८ चैत १९ तदनुसार अप्रिल २०१२ देखि ०६९ असार १७ जुन २०१२ सम्म)

**नागरिक तथा राजनीतिक अधिकार**

**सम्मानित रूपले बाँच्न पाउने अधिकार**

**हत्या**

**अज्ञात समूहबाट**

**मोरङ**

इटहरा गाविस-३ निवासी एमाओवादी कार्यकर्ता २७ वर्षीय अरुण मगर, राजघाट गाविस-९ निवासी एमाओवादी कार्यकर्ता ३० वर्षीय अमर धिमाल र उर्लाबारी गाविस-२ का २९ वर्षीय राजीव लिम्बूलाई ०६९ असार ५ गते राति उर्लाबारी गाविस-२ स्थित फागो चोकमा अज्ञात समूहले धारिलो हतियार प्रहार गरी गम्भीर घाइते बनायो। घाइतेमध्ये मगरको विराटनगरस्थित न्यूरो अस्पतालमा उपचारका क्रममा ०६९ असार ८ गते र धिमालको भारतको सिलगुढीमा उपचारका क्रममा ०६९ असार १२ गते मृत्यु भयो। लिम्बूको सुनसरी जिल्ला धरान नपास्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। सो घटनामा संलग्न भएको आरोपमा प्रहरीले उर्लाबारी गाविस-२ निवासी नेपाली काङ्ग्रेसका ९ नं. क्षेत्रीय सभापति ४८ वर्षीय खड्ग फागो, सोही ठाउँ निवासी एकीकृत माओवादीको भ्रातृ सङ्गठन जनस्वयसेवक व्यूरोका उर्लाबारी इन्चार्ज २७ सुसन लिम्बू र सोही गानविस-२ निवासी तरुण दलका उर्लाबारी सचिव नारायण सिटौलालाई ०६९ असार ५ गते इलाका प्रहरी कार्यालय उर्लाबारीले गिरफ्तार गऱ्यो। पीडित पक्षले ०६९ असार १० गते इलाका प्रहरी कार्यालयमा आरोपित खड्ग फागो र नारायण, उर्लाबारी गाविस-३ का ४५ वर्षीय दीपेन्द्र धिमाल र सोही गाविस-१ का ३२ वर्षीय सचिन शाक्यविरुद्ध उजुरी दिए । आरोपितमध्ये खड्ग बाहेक सुसन र नारायण ०६९ असार ९ गते इलाका प्रहरी कार्यालय उर्लाबारीबाटै रिहा भए। अन्य आरोपितहरु फरार छन्।

**जेल र बन्दी**

**मोरङ**

सुनसरी जिल्ला बराह क्षेत्र गाविस-१ चतरा निवासी कारागार शाखा मोरङका कैदी ३५ वर्षीय रञ्जित राईको ०६८ चैत २८ गते उपचारका क्रममा विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा मृत्यु भयो। उनको सोही अस्पतालमा पोष्टमार्टम गरी परिवारको जिम्मा लगाइएको थियो। पीडितको कारागारका चौकीदार वीरेन्द्र मेहताको निर्देशनमा बन्दीहरुको एक समूहले कुटपिट गरेका कारण मृत्यु भएको पीडितकी पत्नी राधाले बताइन्। पीडितलाई पुरानो रिसइबीका कारण कुटपिट गरिएको पीडितका भान्जा विशाल तामाङले बताए। उनका अनुसार, पीडित सुनसरी जिल्लास्थित झुम्का क्षेत्रीय कारागारमा रहँदा चौकीदार मेहता पनि सोही कारागारमा थिए। चौकीदार मेहताको समूहले झुम्का कारागारमा पनि पीडितलाई कुटपिट गरी घाइते बनाएको थियो। सो घटनामा एकजना बन्दीको मृत्यु भएको थियो। सो घटनापछि आरोपित मेहता र पीडितलाई कारागार शाखा मोरङमा सरुवा गरिएको थियो। पीडित चार वर्षदेखि बलात्कारसम्बन्धी घटनामा थुनामा रहेका थिए। सो घटनाबारे कारागार शाखा मोरङका जेलर सुनील निरौलाले रोगका कारण पीडितको मृत्यु भएको बताए। चौकिदार मेहताले घटनामा आफ्नो संलग्नता नभएको बताए।

**यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार**

**भोजपुर**

खार्तम्छा गाविस-१ का ४० वर्षीय लाक्पा शेर्पालाई ०६८ चैत २८ गते छोरासहित तीनजनाको हत्या आरोपमा गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय भोजपुरको हिरासतमा राखेर प्रहरीले शारीरिक यातना दियो। ०६८ चैत ६ गते खार्ताम्छा गाविस-१ चाम्लादाङका ३५ वर्षीय पासाङलामु शेर्पा, उनका तीन वर्षीय छोरा तेन्जी शेर्पा र आफ्नै ९ वर्षीय छोरा आङछिरिङ सहित तीनजनाको समूहले हत्या गरेको भन्दै गिरफ्तार शेर्पालाई प्रहरीले हिरासतमा राखेर शारीरिक यातना दिएको उनकी पत्नी दाबाडोमाले बताइन्। प्रहरीले पीडितलाई ०६८ चैत ८ गते हिरासतमा राखेर रिहा गरेको थियो। त्यसपछि प्रहरीले आरोपितलाई दोस्रो पटक हिरासतमा राखेर शारीरिक यातना दिएको थियो। लाक्पालाई प्रहरीले तिघ्रा, ढाड, हात र शरीरका अन्य अङ्गमा लाठी र बुटले प्रहार गरेर यातना दिएको पीडित बताए। उनको घरैमा उपचार भयो। पीडितले डर, त्रासका कारण उजुरी दिएनन्। जिल्ला प्रहरी कार्यालयका डीएसपी युवनारायण वैद्यले घटनाबारे अनुसन्धान जारी रहेकाले कुनै विवरण सार्वजनिक गर्न नमिल्ने बताए।

**बालअधिकार**

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

**मोरङ**

सोराभाग गाविस-२ की ६ वर्षीया एक बालिकालाई ०६९ जेठ २३ गते सोही ठाउँका ६० वर्षीय सूर्जा भनिने सुरजलाल राय अमातले बलात्कार गरेको आरोपमा पीडित पक्षले ०६९ जेठ २३ गते नै इलाका प्रहरी कार्यालय रङ्गेलीमा उजुरी दियो। आरोपितलाई प्रहरीले घटना भएकै दिन गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा ०६९ असार १८ गतेदेखि पुर्पक्षको लागि कारागार शाखा मोरङमा थुनामा छन्।

**भोजपुर**

टक्सार गाविस-८ की १७ वर्षीया बालिकालाई सोही

स्थानका १९ वर्षीय रमेश श्रेष्ठले ०६९ वैसाख ३१ गते बलात्कार गरेको भन्दै पीडितका परिवारले ०६९ जेठ २ गते जिल्ला प्रहरी कार्यालय भोजपुरमा किटाणी जाहेरी दियो। आरोपितलाई प्रहरीले ०६९ जेठ ५ गते उनको गाउँबाटै गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण तथा उपचार जिल्ला अस्पताल भोजपुरमा भयो। जिल्ला अदालतको आदेशमा आरोपित ०६९ जेठ २४ गतेदेखि जिल्ला कारागार कार्यालयमा पुर्पक्षका लागि थुनामा छन्।

**धनकुटा**

मौनाबुधुक गाविस-७ तल्लोगिद्धे निवासी स्थानीय पिपलडाँडा प्राविमा कक्षा-२ मा अध्ययनरत आठ वर्षीया बालिकालाई ०६९ वैशाख २३ गते सोही ठाउँका १९ वर्षीय राजकुमार लिम्बूले पीडकको घरनजिकैको बाटोछेउमा फकाएर लगि बलात्कार गरे। बालिकाको जिल्ला अस्पतालमा ०६९ जेठ ९ गते स्वास्थ्य परीक्षण भयो। ०६९ जेठ ९ गते पीडितकी भाउजुले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले ०६९ जेठ १० गते जिल्ला अदालतमा जवरजस्ती करणीअर्न्तगतको मुद्दा दायर गर्‍यो। आरोपित फरार छन्।

**संखुवासभा**

मत्स्यपोखरी गाविस-६ की १३ वर्षीय एक अपाङ्गता भएकी बालिकालाई ०६८ चैन २३ गते गाई चराउने क्रममा स्थानीय २९ बर्षीय कमल गुरुङले बलात्कार गरे। पीडितको जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। पीडित पक्षले ०६९ चैत २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले ०६८ चैत २४ गते गिरफतार गर्‍यो। जिल्ला अदालतको आदेशमा आरोपित ०६९ वैसाख ७ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागार शाखा खाँदबारीमा थुनामा छन्।

**इलाम**

चमैता गाविस-९ की १४ वर्षीया एक बालिकालाई बलात्कार गरेको आरोपमा फाकफोक गाविस-६ का १९ वर्षीय तुफान राईलाई ०६९ जेठ १५ गते प्रहरीले गिरफ्तार गर्‍यो। पीडित इलाम सदरमुकामबाट घर फर्किंदै गर्दा ०६९ जेठ १४ गते बालिकालाई राईले बलात्कार गरेको पीडित पक्षको आरोप छ। पीडितको जिल्ला अस्पताल इलाममा स्वास्थ्य परीक्षण भयो। आरोपितलाई स्थानीयवासीले समातेर घटना भएकै दिन प्रहरी चौकी राँकेमा बुझाएका थिए। आरोपित ०६९ जेठ १० गतेदेखि जिल्ला अदालत इलामको आदेशमा पुर्पक्षका लागि जिल्ला प्रहरी कार्यालय इलामको हिरासतमा थुनामा छन्। जिल्लामा कारागार नभएकाले उनी प्रहरी हिरासतमा थुनामा राखिएका छन्।

**बेचबिखन तथा ओसारपसार**

**मोरङ**

हसन्दह गाविस-७ का दुई जना बालिकालाई ०६८ पुस १७ गते भारत जलपाइगुढीका ४१ वर्षीय सुरक्षागार्ड प्रकाश कटुवा क्षेत्रीले बेचबिखन गरेको आरोपमा प्रहरीले आरोपितलाई ०६८ फागुन २८ गते गिरफ्तार गर्‍यो। आरोपित जिल्ला अदालतको आदेशमा ०६८ चैत २१ गतेदेखि मानव बेचविखन तथा ओसारपसार मुद्दामा कारागार शाखा मोरङमा पुर्पक्षका लागि थुनामा छन्। पीडितद्वय बेपत्ता छन्। पीडितका आफन्तले इलाका प्रहरी कार्यालय पथरीमा उजुरी गरेपछि आरोपितलाई प्रहरीले शनिश्चरे गाविसस्थित आफन्तको घर आएको समयमा गिरफ्तार गरेको थियो।

**बालविवाह**

**संखुवासभा**

मामिलङ गाविस-५ की १३ वर्षीया बालिकालाई उदयपुर कटहारी-३ निवासी ना४ख ६३१५ नागेश्वरी ट्राबल बसका सह-चालक २८ वर्षीय राजु लामाले ०६९ जेठ २९ गते जबर्जस्ती विवाह गरे। पीडितकी काकीले इलाका प्रहरी कार्यालय चैनपुरमा ०६९ जेठ ३० गते उजुरी दिइन्। आरोपितलाई प्रहरीले ०६९ असार ५ गते गिरफ्तार गरी ०६९ असार ७ गते मुद्दा दर्ता गर्‍यो। आरोपितले पीडितलाई ०६९ जेठ २५ गते धरान लगेर बलात्कारपश्चात विवाह गरेको परिवारको भनाइ छ। आरोपित जिल्ला अदालतको आदेशमा ०६९ असार २१ गतेदेखि जिल्ला कारागार खाँदबारीमा पुर्पक्षका लागि थुनामा छन्।

**दुर्व्यवहार**

**खोटाङ**

दिक्तेल गाविस-२ का १० वर्षीया बालिकालाई २०६९ जेठ १ गते सोही ठाउँमा सञ्चालित स्टार अंग्रेजी भाषा ट्यूसन सेन्टरका प्रिन्सिपल बाक्सिला गाविस निवासी ४० वर्षीय खगेन्द्र अधिकारीले सोही सेन्टरमा यौन दुर्व्यवहार गरे। अधिकारीले वर्ष दिनदेखि आफूलाई यस्तो व्यवहार गर्ने गरेको भन्दै पीडितले आमालाई पढ्न नजाने बताएपछि रहस्य खुलेको थियो। पीडित बालिकाका अनुसार अधिकारीले चिमोट्ने, संवेदनशील अंग छुने जस्ता व्यवहार गर्थे। पीडितकी आमाले जिल्ला प्रहरी कार्यालयमा ०६९ जेठ १ गते उजुरी दिइन्। आरोपितलाई उजुरी दिएकै दिन प्रहरीले गिरफ्तार गर्‍यो। आरोपित घटना नदोहोर्‍याउने सर्तमा ०६९ जेठ ५ गते रिहा भए।

**महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार**

**परिवारजनबाट हत्या**

**मोरङ**

सुनसरी जिल्ला कुसाहा गाविस-४ घर भई सुन्दुरपुर गाविस-३ मा डेरा गरी बस्ने २७ वर्षीया आशा विकलाई ०६८ चैत २८ गते राति उनका ३५ वर्षीय पति सुन व्यापारी नरेश मिजार विकले घरायसी विवादमा दुवै खातखुट्टामा धारिलो हतियार प्रहार गरी हत्या गरे। हत्या गर्नुअघि पीडितलाई कुटपिट गरेका

थिए। कुटपिटका क्रममा पीडित घरबाट भागेर बाटोमा निस्कने बित्तिकै अरोपितले धारिलो हतियार प्रहार गरेका थिए। पीडितको उपचारका लागि धरान अस्पताल लाने क्रममा बाटोमै मृत्यु भएको थियो। आरोपितलाई प्रहरीले ०६९ वैशाख १ गते गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा ०६९ वैशाख २० गते पुर्पक्षका लागि कारागार शाखा मोरङमा थुनामा छन्।

**सोलुखुम्बु**

सल्लेरी गाविस खोरिया-६ की २२ वर्षीया निर्मला नेपालीलाई ०६९ वैशाख १३ गते मादक पदार्थ सेवन गरेका उनका पति ३० वर्षीय खड्गबहादुर नेपालीले घरायसी विवादमा लाठीले प्रहार गरी हत्या गरे। लासको मुचुल्का उठाउँदा मृतकको शरीरका सबै भागमा निलडाम भएको प्रहरीले फेला पारेको थियो। लाशको पोष्टमार्टम सोलु अस्पताल फाप्लुमा ०६९ वैशाख १४ गते भयो। आरोपितलाई प्रहरीले वैशाख १४ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपित ०६९ वैशाख २७ गतेदेखि कारागार शाखा सोलुखुम्बुमा पुर्पक्षका लागि थुनामा छन्। नेपाली दम्पतीका दुई छोरा र तीन छोरी रहेका छन्।

## परिवारजनबाट घर निकाला

**सुनसरी**

डुम्राहा गाविस-९ की १९ वर्षीया कविता उराँव (मण्डल) लाई ०६९ जेठ १९ गते उनकै पति २० वर्षीय ईश्वर मण्डल र सासू ४८ वर्षीया कौशिलादेवी र ससुरा ५० वर्षीय रामेश्वरले अन्तरजातीय विवाह गरेको आरोपमा घर निकाला गरे। पीडितलाई घरमा खाना नदिएर गोठमा सुत्न दिएको र भएका सरसामानसमेत बाहिर फ्याकेर उनीहरुले घर निकाला गरेका थिए। पीडितले सोही दिन जिल्ला प्रहरी कार्यालय इनरुवामा उजुरी दिइन्। प्रहरीले ०६९ जेठ २१ गते दुवै पक्षलाई बोलाइ मिलापत्र गरी पतिसगै घर पठाए। पतिले साइकलमा बसाएर घर लैजाने क्रममा बाटैमा लडाइ साइकल लिएर भागेको थिए। पीडितको ०६७ कात्तिकमा प्रेम विवाह भएको र काठमाण्डामौ पतिसँगै बसेकी थिइन्। पीडित १० महिनाको छोरासहित महिला तथा बालबालिका कार्यालयद्वारा संचालित जिल्ला सेवा केन्द्र इनरुवामा ०६९ जेठ २४ गतेदेखि बसिरहेकी छन्।

## बेचविखन तथा ओसारपसार

**मोरङ**

विराटनगर उमनपा-१३ की एक जना २२ वर्षीया महिलालाई ०६९ वैशाख १० गते सोही ठाउँ निवासी नेकपा मालेका कार्यकर्ता नरेश सम्पति शाक्यले बैदेशिक रोजगारमा लगाइ दिने प्रलोभनमा बेचविखन गर्ने प्रयास गरेको आरोपमा जिल्ला प्रहरी कार्यालयले ०६९ वैशाख २८ गते आरोपितलाई गिरफ्तार गऱ्यो। प्रहरीले पीडितलाई झापा जिल्ला काडभिट्टाबाट उद्धार गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपित ०६९ जेठ ११ गतेदेखि पुर्पक्षका लागि कारागार शाखा मोरङमा थुनामा छन्।

## बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

**उदयपुर**

कटुन्जे बवला गाविस-८ की वाक्यविहीन ४८ वर्षीया महिलालाई ०६९ जेठ ४ गते बिहान ९.३० बजे रामपुर ठोक्सिला गाविस-२ का २५ वर्षीय राजु राईले सोही गाविसस्थित सामुदायिक वनमा बलात्कार गरेको भन्दै पीडित पक्षले ०६९ जेठ ८ गते इलाका प्रहरी कार्यालय रामपुरमा उजुरी दियो। पीडितको ०६९ जेठ १६ गते प्राथमिक स्वास्थ्य केन्द्र रामपुर ठोक्सिलामा स्वास्थ्य परीक्षण भयो। पीडित परिवारसंगै बस्दै आएकी छन्। प्रहरीले आरोपीलाई सोही दिन गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा जेठ २९ गतेदेखि पुर्पक्षका लागि कारागार कार्यालय उदयपुरमा थुनामा छन्।

## अमानवीय व्यवहार

**उदयपुर**

जोदिह गाविस-९ मौनाहाकी ४५ वर्षीया लरुवती चौधरी र उनकै बुहारी १९ वर्षीया काजल चौधरीलाई ०६८ चैत २३ गते सोही गाविस-८ का छिमेकीहरु ५६ वर्षीय गुदर चौधरी, उनकै छोरी २६ वर्षीया सावित्रीकुमारी चौधरीले बोक्सीको आरोपलगाई गालिगलोज गरे। पीडितले मानवअधिकार सञ्जाल उदयपुरमा ०६९ वैशाख ४ गते न्यायका लागि पहल गरिदिन भन्दै निवेदन दिइन्। वैशाख २६ गते मानवअधिकार सञ्जालका प्रतिनिधिहरुको उपस्थिति र स्थानीयको पहलमा दुबै पक्षबीच मिलापत्र भयो। सञ्जालको आयोजनामा ०६९ जेठ ४ गते पीडितकै घरमा सामुहिक भोज खाएर दुवै पक्षले मेलमिलाप गरेका थिए। पीडितका पति अविवाहित हुँदा नर्तकीको रुपमा समूहमा काम गर्ने र विवाहपछि उक्त काममा कमैमात्र सहभागी भएको कारण पतिलाई हिडडुल गर्न नदिएको भन्दै बोक्सीको आरोप लगाएको स्थानीयले निष्कर्ष निकाका थिए।

**सिरहा**

चन्द्रउदयपुर गाविस ४ का ४५ वर्षीया आशादेवी मुखियालाई ०६९ वैशाख २९ गते बोक्सीको आरोपमा सोही ठाउँका ५० वर्षीय जितन मुखिया र २० वर्षीय पसिन्द्र मुखियाले दुर्व्यबहार गर्दै उनको १७ वर्षीय छोरा शत्रुघन मुखियालाई समेत कुटपिट गरे। पीडितहरुले ०६९ वैशाख २९ गते इलाका प्रहरी कार्यालय मिर्चैयामा ४५ वर्षीय मटुकलाल मुखियाको आदेशमा, मनिकलाल मुखिया, जितन मुखिया, रामप्रसाद मुखिया, जितौर मुखिया र पसिन्द्र मुखियाले दुर्व्यबहार र कुटपिट गरेको भन्दै उजुरी दिए। जितन मुखियाको १३ वर्षीया छोरी अनिता मुखियालाई विरामी बनाएको भन्दै आफन्तहरुले आशादेवीलाई बोक्सी भन्दै गालीगलौज र दुर्व्यबहार गरेका थिए। पीडितहरु सात महिना अघिदेखि

इनारमा मोटरजडान गरी पानी तानेर खाइरेहको थिए। आरोपितले बोक्सी आरोपमा सो मोटरसमेत उखेलेर इनारबाट पानीसमेत खान दिएनन्। इलाका प्रहरी कार्यालय मिरर्चैयाका इन्स्पेक्टर राजकुमार कार्कीको रोहबरमा पीडित र आरोपितबीच मिलापत्र भएको थियो।

**इलाम**

एकतप्पा गाविस-७ की ३८ वर्षीया पदममाया योङहाङलाई ०६९ जेठ २ गते बोक्सी भगाउने भन्दै उनका पति ४२ वर्षीय जगतबहादुर योङ्गहाङ्ग र पौवासारताप गाविस-३ पाँचथरका धामी फौदसिंह लिम्बूले तातोपानीमा हात डुबाएर गम्भीर घाइते बनाए । धामीले बोक्सी झार्न भनी उम्लिएको पानीमा दुवै हात डुवाउन लगाएर त्यसमाथि चारवटा सिरकले छोपेको स्थानीयवासीले बताए। स्थानीय र स्वास्थ्य स्वयंसेविकाको पहलमा उनको ०६९ जेठ ३० गते मात्रै उपचारको लागि डा.मेघबहादुर पराजुली सामुदायिक अस्पताल इलाममा उपचार भयो। पीडित घटना सुरुमा परिवारबाटै ढाकछोप गर्न खोजिएको थियो। पीडिको दुवै हात कुहिने अवस्थामा पुगेपछि उपचारको लागि इलाम सदरमुकाम ल्याएपछि घटना खुलासा भएको हो। पक्षले सुरुमा डरका कारण घटनाको ढाकछोप गर्न गाईका लागि पकाएको खोलेमा हात डुवेर पिल्सिएको बताएका थिए। आरोपितलाई ०६९ जेठ ३१ गते प्रहरीले गिरफ्तार गऱ्यो । आरोपित पीडितको उपचार गर्ने सर्तमा ०६९ जेठ ३० गते रिहा भए।

**धनकुटा**

बेलहारा गाविस-४ की २६ वर्षीया सुमित्रा भण्डारीलाई ०६८ चैत्र २५ गते सोही ठाउँका ३० वर्षीय जेठाजु ठहरबहादुर भण्डारीले अंश नदिने भन्दै बाँसको भाटाले कुटपिट गरी घाइते बनाए। घाइते सुमित्राको जिल्ला अस्पताल धनकुटामा उपचार भयो। उनको टाउको, खुट्टा र पेटमा चोट लागेको थियो। पीडितले ०६८ चैत २६ गते जिल्ला प्रहरी कार्यालय धनकुटामा उजुरी दिइन्। आरोपितलाई प्रहरीले चैत २७ गते गिरफ्तार गऱ्यो। आरोपितले ०६९ चैत्र २७ गते जिल्ला प्रहरी कार्यालय धनकुटामा माफी मागे। आरोपितले बुहारीको उपचार गर्ने र आगामी दिनमा दुवै पक्ष मिलेर बस्ने ०६९ चैत्र २७ गते मिलापत्र भयो। मिलापत्र भएकै दिन आरोपित रिहा भए।

## बलात्कार/ बलात्कार प्रयास

**ओखलढुङ्गा**

सिस्नेरी गाविस-५ की ५४ वर्षीया एक महिलालाई ०६९ जेठ १० गते साँझ सोही गाविस-८ का २७ वर्षीय गणेशमान राईले पीडित घरमा सुतिरहेको अवस्थामा बलात्कार गरे। जिल्ला अस्पताल रुम्जाटारमा ०६९ जेठ १२ गते पीडितको स्वास्थ्य परीक्षण र उपचार भयो। पीडितले जिल्ला प्रहरी कार्यालय ओखलढुंगामा ०६९ जेठ १२ गते उजुरी दिइन्। इलाका प्रहरी कार्यालय मानेभञ्ज्याङको टोलीले पीडकलाई निजकै घरबाट ०६९ जेठ १३ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालत ओखलढुंगाको आदेशमा आरोपित ०६९ जेठ २१ गतेदेखि जिल्ला कारागार ओखलढुंगामा पुर्पक्षका लागि थुनामा छन्।

भदौरे गाविस-२ की २१ वर्षीया एक युवतीलाई ०६९ जेठ ३ गते बिहान सोही ठाउँका २३ वर्षीय विकास राईले पीडितलाई घरनजिकै मकैबारीमा लगेर बलात्कार गरे। घटनापछि पीडितले जिल्ला प्रहरी कार्यालय ओखलढुंगामा ०६९ जेठ ७ गते उजुरी दिइन्। प्रहरीले आरोपितलाई जेठ ७ गते गिरफ्तार गरी जवरजस्ती करणी उद्योगमा जेठ ८ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत ओखलढुंगाको आदेशमा आरोपित ०६९ जेठ २१ गतेदेखि जिल्ला कारागार ओखलढुंगामा पुर्पक्षका लागि थुनामा छन्।

**पाँचथर**

याङनाम गाविस-२ घर भै फिदिम गाविस-१ शनिबारेमा होटल व्यवसाय गर्ने ३० वर्षीया युवतीलाई ०६९ जेठ २३ गते राति फिदिम गाविस-१ का ३० वर्षीय सुरेन्द्र बस्नेत, सोही ठाउँका १८ वर्षीय दिपेश मगर, १५ वर्षीय सुवास खबास, १७ वर्षीय शिव मगर, १६ वर्षीय डेविट लावर, याङनाम गाविस-४ का सलिन थाम्सुहाङ र ताप्लेजुङ जिल्ला सिनाम गाविस-५ घर भै फिदिम गाविस-१ बस्ने दिपेश श्रेष्ठले सामूहिक बलात्कार गरे। पीडितको पाँचथर जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण र उपचार भयो । पीडितले जेठ २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितहरुलाई प्रहरीले ०६९ जेठ २४ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा सुरेन्द्र बस्नेत र दिपेश मगर र सलिन थाम्सुहाङ ०६९ असार १७ गतेदेखि पुर्पक्षका लागि पाँचथर जिल्ला कारागारमा थुनामा छन्। सुवास, शिव र डेविट असार १७ गते नै तारेखमा रिहा भए।

## सबै प्रकारका जातीय विभेद

**पाँचथर**

ताप्लेजुङ जिल्ला, दोखु गाविस घर भई पाँचथर जिल्ला सुभाङ गाविस-२ जोरपोखरी बजार बस्दै आएकी २० वर्षीया एलीना विश्वकर्मालाई ०६९ वैसाख ९ गते सुभाङ गाविस-८ का ५३ वर्षीय गंगा सेढाईं र उनकी पत्नी ५० वर्षीया जीवनकुमारी सेढाईंले धारामा पानी छोएको निहुँमा दुर्व्यवहार गरे। जोरपोखरी बजारमा रहेको सार्वजनिक धारामा पानी भर्ने क्रममा पीडितको छोराले पानी छोएको भन्दै उनलाई सार्वजनिक रुपमा गालीगलोज र दुर्व्यवहार भएको थियो। पीडितले ०६८ वैसाख १३ गते जिल्ला प्रहरी कार्यालय पाँचथरमा उजुरी दिइन्। आरोपितहरुलाई ०६९ वैसाख १४ गते जिल्ला प्रहरी कार्यालय बोलायो। आरोपितले पीडितलाई यातायात खर्च ५ हजार रुपियाँ दिने र पुन: गल्ती नदोहोऱ्याने सर्तमा ०६९ वैसाख १५ गते जिल्ला प्रहरी कार्यालयमा मिलापत्र गरे।

**खोटाङ**

छोरम्बु गाविस-७ की १८ वर्षीय कविता रोकालाई २०६८ जेठ २० गते दिक्तेल गाविस-१ का ४५ वर्षीय युवराज बस्नेतले दलित भन्दै घरवहालमा बसेको कोठाबाट निकाला गरे। दिक्तेल पढ्न आएकी पीडितलाई पहिले कोठा दिएपनि दलित भन्ने बुझ्ेपछि कोठा निकाला गरेका थिए। बस्नेतले कोठा दिएको ९ दिनपछि धम्काएर निकाला गरेको पीडित रोकाले बताइन्। पीडितले नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ खोटाङको सहयोगमा ०६८ जेठ २२ गते जिल्ला प्रशासनमा उजुरी दिइन्। आरोपितले जिल्ला प्रहरी कार्यालयमा पीडित रोकासँग माफी मागेका थिए। पीडितलाई आरोपित घरको कोठामा पुन: बस्न दिइएन।

**सिरहा**

जम्दह गाविस-९ मुसहर्निया टोलकी २२ वर्षीया हीरा सदायलाई ०६९ वैशाख २१ गते साँझ सोही टोलकी २५ वर्षीया डेनो लामा र ४५ वर्षीया इन्द्रा लामाले पानी छोएको आरोपमा सार्वजानिक इनारमा कुटपिट गरे। पालो कुरेर इनारको डिलमा बसेकी पीडितलाई आरोपितद्वयले सानो जातबाट पानी छोइने भन्दै पानी बोक्ने भाडो र लाठीले टाउकोमा प्रहार गरी घाइते बताए। उनको उपचार स्थानीय गोलबजारको क्लिनकमा भयो। पीडितले इलाका प्रहरी कार्यालय मिरचैयामा ०६९ बैशाख २९ गते उजुरी दिए। सोही दिन आरोपितले पीडितसँग अन्जानमा गल्ती भएको र आगामी दिनमा त्यस प्रकारको गल्ति दोहोऱ्याए। कानुनी रुपमा मुद्दा चलाउने सर्तमा दुवै पक्षले मिलापत्र गरेका थिए। आरोपितले घटनाबारे स्थानीय अधिकारकर्मी र सञ्चारकर्मीहरुले समाचार प्रकाशनमा ल्याएको भन्दै कान्तिरपुकर्मी र इन्सेक प्रतिनिधिलाई भौतिक कार्वाही गर्ने धम्की दिएका थिए। धम्कीका विषयमा पनि उनले माफी मागेका थिए।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### संरचना, सम्पत्ति क्षति, सम्पति कब्जा

**संरचना क्षति**

**मोरङ**

संयुक्त थरुहट संघर्ष समिति र वृहत् मधेसी मोर्चाको आह्वानमा ०६९ जेठ ३ गते सरकारसँग जातीय पहिचान र आत्मनिर्णयको अधिकारसहितको छुट्टै राज्यको माग राख्दै बन्द भयो। बन्दका क्रममा विराटनगरस्थित ग्रीण्डल्याण्ड उच्च माविको बा१ख ५७५१ नम्बरको बस विराटनगर-इटहरी सडकखण्डको नेमुवामा बन्द अवज्ञा गरेको आरोपमा थरुहटका कार्यकर्ताहरुले विद्यार्थी ओरालेर तोडफोड गरे। तोडफोडबाट बसका झ्यालका सिसाहरु फुटेर क्षति पुग्यो। पीडित पक्षले उजुरी दिएन। बन्दले यातायात, शैक्षिक संस्था, उद्योगधन्दा, बजार पसल, यातायात सबै बन्द भए। बन्दका कारण जिल्लाको जनजीवन प्रभावित भयो। जिल्लाबाट बाहिरिने र भित्रिने यातायाका निजी तथा भाडाका सवारी साधनहरु सञ्चालन भएनन्। सो बन्दको इन्सेकले अनुगमन गरेको थियो। अनुगमनका क्रममा मोर्चा र थरुहट मितिका पदाधिकारीहरुसँग भेटेर हिंसात्मक गतिविधि नगर्न, अत्यावश्यक सवारी साधनहरुलाई अवरोध सिर्जना नगर्न आयोजक संस्थाका पदाधिकारीहरुलाई सुझाब दिएको थियो। उनीहरुले शान्तिपूर्ण पदर्शन गर्ने वचनवद्धता गरेका थिए।

वृहत मधेसी मोर्चा संघर्ष समिति र नेपाल आदिवासी जनजाति महासंघ, संघर्ष समितिको आह्वानमा ०६९ जेठ ८ गते सरकारसँग जातीय पहिचानसहितको राज्य र आत्मनिर्णयको अधिकारसहितको राज्यको माग राख्दै बन्द भयो। बन्द अवज्ञा गरेको आरोपमा महासंघका कार्यकर्ताले डाँगीहाट गाविस-५ लक्ष्मीमार्गस्थित महेन्द्र राजमार्ग सडकखण्डमा गुडिरहेको झापा जिल्ला,दमक नपाको असहाय सेवा समाजको मे१च ८३४ नम्बरको एम्बुलेन्स रोकेर तोडफोड गरे। सो गाडीका चालक लक्ष्मी मिश्रलाई महासंघका कार्यकर्ताहरुले कुटपिट गरे। कुटपिटबाट घाइते पीडितको धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिषठनमा उपचार भयो। पीडितको टाउको, आँखालगायत शरीरका विभिन्न भागमा लाठी, लात्ती र मुक्का प्रहार भएको थियो।

**खोटाङ**

नेपाली कांग्रेसका बाँझेच्यानडाडाँ गाउँ कार्यसमिति सभापति एवम् तरुण दलका जिल्ला उपाध्यक्ष बिजय गुरुङको घर २०६९ असार १३ गते राति अज्ञात समूहले आगजनी गऱ्यो। २२ दिनको सुत्केरी सुतिरहेका बेला उक्त समूहले घरमा आगजनी गराएको प्रहरीले जनायो। नाबालक शिशुसहित पत्नी घरबाट निस्कन सफल भएपनि घर पूर्ण रुपमा जलेको थियो। आगजनी गराउने समुहलाई प्रहरीले फेला पार्न सकेको छैन। आगजनीबाट पाँच लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको प्रारम्भिक अनुमान गरिएको छ। उक्त घटनाले स्तब्ध बनाएको भन्दै २०६९ असार १४ गते नेपाली कांग्रेस जिल्ला कार्य समितिले विज्ञप्ति सार्वजनिक गरी दोषीलाई कार्बाहीको माग गरेको थियो।

**ताप्लेजुङ**

संघीय लिम्वूवान राज्य परिषद् मञ्चका कार्यकर्ताहरुले बन्दको उल्लंघन गरेको भन्दै २०६९ जेष्ठ ८ गते फुङिलङ गाविस-४ स्थित न्यूरोडमा जिल्ला विकास समितिको वा २९ प ७२२७ नम्बरको मोटरसाइकल आगजनी गरे। जिल्ला प्राविधिक कार्यालयका प्राविधिक अखतर हुसेन मोटरसाइकलमा कोठामा जाँदै गर्दा बाटो छेकेर लिम्वूवान कार्यकर्ताले मोटरसाइकल जलाएका थिए। मञ्च सम्वद्ध संघीय लिम्वूवान राज्य परिषद्का जिल्ला सदस्य मनीष हेल्लोकले हड्तालको उल्लङ्घन गरेका कारण कार्यकर्ताहरुले मोटरसाइकल जलाएको बताए ।

# पूर्वाञ्चल क्षेत्रमा सम्पन्न विविध क्रियाकलापहरू

### वैठक सम्पन्न

**सिरहा**

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सिरहाको आयोजना तथा बालअधिकार चेतना समूह र जनता मावि अयोध्यानगरको समन्वयमा बालअधिकार प्रवर्द्धन कार्यक्रमको वार्षिक समीक्षा वैठक २०६९ जेठ २६ गते सम्पन्न भयो। जनता माविका प्रधानाध्यापक सुरेश साहको अध्यक्षता तथा इन्सेक जिल्ला प्रतिनिधि गुरुशरण सदाको सञ्चालनमा बस्तिपुर उच्च मावि बस्तिपुर, महाविर उच्च मावि चैनपुर, तुलसीराम सत्यभामा डोटेल उच्च मावि, रजैजनकलाल मावि र जन्ता मावि अयोध्यानगरका वाअचेसमुहका प्रतिनीधी, संरक्षक शिक्षक र प्रधानध्यापक तथा शिक्षकहरू गरी ३७ जनाको सहभागीतामा जनता मावि कसहामा कार्यक्रम सम्पन्न भएको थियो।

**संखुवासभा**

खाँदबारीमा बालअधिकार प्रवर्द्धन कार्यक्रम अन्तर्गत वार्षिक समीक्षा वैठक ०६९ जेठ ६ गते सम्पन्न भयो। इन्सेक जिल्ला प्रतिनिधि छेटु शेर्पाले अनौपचारिक रूपमा शुरुवात गरी सञ्चालन गरिएको उक्त कार्यक्रममा संखुवासभामा सञ्चालित ५ वटा विद्यालयका संरक्षक शिक्षक र बालबालिका गरी १६ जनाको सहभागिता रहेको थियो। अघिल्लो वर्षमा गरिएका क्रियाकलाप र वालअधिकार सचेतना समूहको प्रभाव, उपलब्धीकासाथै वालअधिकार प्रवर्द्धन कार्यक्रमलाई थप प्रभावकारी र व्यवहारी बनाउन के गर्नु पर्ने र अघिल्लो बर्षमा गरिएका कार्यक्रमको प्रभाव कस्तो रहयो र सुधार गर्नु पर्ने बिषयको बारेमा छलफल भएको थियो।

**सुनसरी**

भादगाउँ सिनुवारी गाविस-८ स्थित शिवनगर माविमा ०६९ जेठ २६ गते बालअधिकार प्रवर्द्धन कार्यक्रम अन्तर्गत वार्षिक समीक्षा बैठक संरक्षक शिक्षक, व्यवस्थापन समिति सदस्यहरूगरी २७ जनाको सहभागितामा सम्पन्न भएको थियो। सामुदायीक विद्यालयमा गठित बाल अधिकार चेतना समूह मार्फत गरिएका कार्यक्रमको प्रभावकारिता र यसले बालबालिकामा ल्याएको परिर्वतन साथै आगामी दिनमा कसरी चलाउँदा अझ प्रभावकारी बनाउन र कार्यक्रमबाट प्राप्त उपलब्धि, प्राप्त सफलता तथा कार्यक्रमको दौरानमा आएका समस्या लगायत विषयमा केन्द्रित रहेर छलफल भएको थियो। उक्त कार्यक्रममा बालअधिकार चेतना समूहका प्रतिनधिहरु त्रिभुवन माविका माधव खतिवडा, शारदा उमाविका कृष्ण आचार्य, सरस्वती माविकी अजिता राई, आदर्श उमाविका अभिषेक तिम्सीना र शिवनगर माविका सिद्धान्त चौधरीले आआफ्नो विद्यालयका कृयाकलाप तथा उपलब्धि प्रतिवेदन प्रस्तुत गरी सल्लाह सुझाव लिएका थिए।

### कानूनी शासन स्थापनाका लागि क्षेत्रीय अन्तरक्रिया

इन्सेक पूर्वाञ्चल क्षेत्रीय कार्यालय, राष्ट्रिय मानवअधिकार आयोग, पूर्व क्षेत्रीय प्रहरी कार्यालय र एड्भोकेसी फोरमको संयुक्त आयोजनामा ०६९ असार १२ गते श्री कृष्ण पार्टी प्यालेसको सभाकक्षमा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। यातनापीडित सहायतार्थ अन्तर्राष्ट्रिय दिवसको सन्दर्भमा आयोजित




उक्त कार्यक्रमको सभाध्यक्ष राष्ट्रिय मानवअधिकार आयोगका क्षेत्रीय निर्देशक कोशराज न्यौपाने, विशेष अतिथि पूर्व क्षेत्रीय प्रहरी कार्यालयका प्रहरी नायव महानिरिक्षक सुरेन्द्रबहादुर साह र सञ्चालन इन्सेक पूर्वाञ्चल क्षेत्रीय कार्यालयका संयोजक सोमराज थापाले गर्नुभएको थियो। अन्य अतिथिहरूमा नेपाल बार एसोसिएसन मोरङका अध्यक्ष डिल्लीबहादुर कार्की, अधिवक्ता चूडामणी आचार्य, न्यायकालागि द्वन्द्वपीडित समाजका क्षेत्रीय संयोजक तेजप्रसाद सुवेदी रहनुभएको थियो। कार्यक्रममा झापा, मोरङ, सुनसरी, सिरहा, सप्तरीका २७ जना प्रहरी अधिकृत र मानवअधिकारकर्मी, सञ्चारकर्मी ४३ जना गरी जम्मा ७० जनाको सहभागिता रहेको थियो।

### सञ्जालहरूको परिचालन

महिला अधिकारमा कार्यरत इन्सेकसहित ४० वटा संस्थाको सञ्जाल सामाजिक मञ्चले ०६९ वैशाख २१ र २२ गते तोदी भवन विराटनगरमा महिला तथा पछाडी पारिएका समुदायका विभिन्न सवालहरुको पहिचान गर्दै महिलाका सबै सवाललाई साझा सवाल बनाउने उद्देश्यकासाथ कार्यक्रम सम्पन्न गरेको थियो। उक्त

कार्यक्रममा पूर्वाञ्चलका विभिन्न जिल्लाबाट महिला अधिकारको लागि क्रियाशील महिला मानवअधिकार रक्षकहरूसहित जिम्मेवार निकायहरू, मानव अधिकारको क्षेत्रमा क्रियाशील संस्था र अन्य सरोकारवालाहरू गरी जम्मा २ सय ५५ जनाको सहभागिता रहेको थियो। यस दुई दिने सामाजिक मञ्च अन्तर्गत सम्पन्न गरिएका प्रमुख गतिविधिहरूमा विभिन्न विषयगत मुद्दाहरूमा समान्तर कार्यशालाहरू, चित्रकला प्रदर्शनी, बाल चित्रकला प्रतियोगिता (महिला हिंसा सम्बन्धी), साँस्कृतिक कार्यक्रम, सुचना मुलक स्टलहरु, समय मै संविधान निर्माणका लागि हस्ताक्षर सङ्कलन र विराटनगर घोषणापत्र जारी गरिएको थियो।

## अनुगमन वैठक सम्पन्न

**मोरङ**

इन्सेक जिल्ला कार्यालयको आयोजनामा ०६९ जेठ २६ गते गाविसस्तरीय छलफल कार्यक्रम हात्तिमुढा गाविस भवनमा सम्पन्न भएको छ। महिला सञ्जालकी अध्यक्ष मुडुलदेवी पासवानको अध्यक्षता र अतिथिका रूपमा सुरक्षित मातृत्व महिला सञ्जालकी अध्यक्ष दुर्गा मगर रहनु भएको उक्त कार्यक्रममा ६७ जनाको उपस्थिति रहेको थियो।




**झापा**

यसैगरी गाविसस्तरीय छलफल कार्यक्रम लखन्तरी गाविस भवनमा २०६९ जेष्ठ १८ गते सम्पन्न  भयो। महिला सञ्जालकी अध्यक्ष कलावतीदेवी माझीको अध्यक्षतामा संचालित उक्त कार्यक्रमका अतिथिहरु लखन्तरी गाविसका गाविस सचिव चन्द्रप्रसाद कट्टेल र वडा नागरिक मञ्चका संयोजक शशीकुमार भगत रहनुभएको थियो भने ५० जनाको सहभागिता रहेको थियो। कार्यक्रममा खासगरी महिला सशक्तीकरणको लागि गाविसवाट छुट्याइएको बजेटले महिलाहरुकालागि के कस्ता कार्यक्रम गरिए लगायत मानवअधिकार, अधिकार र यसको व्यवहारिक कार्यान्वयनका विषयमा कुराकानी एवं छलफल भएको थियो। सो



छलफल कार्यक्रमको सहजीकरण इन्सेक जिल्ला संयोजक बागमती कट्टेल र गंगा दाहालले गर्नु भएको थियो।

## मानवअधिकार मैत्री योजना निर्माणमा समुदायको सहभागिता कार्यक्रम सम्पन्न

**झापा**

इन्सेक जिल्ला कार्यालयको आयोजनामा मानवअधिकार मैत्री योजना निर्माणमा समुदायको सहभागिता विषयक कार्यक्रम घैलाडुब्बा गाविसको भवनमा गाविस सचिव सुदर्शन बरालको अध्यक्षता र कार्यक्रम संयोजक लक्ष्मी निरौलाको सञ्चालनमा ०६९ वैशाख १८ गते सम्पन्न भयो। उक्त कार्यक्रममा ९ वटा वडाका समूह सदस्यहरू र गाविसको संयन्त्र, शान्ति समिति र कर्मचारीहरू गरी ३० जनाको सहभागिता रहेको थियो।
बालमैत्री योजना तथा भवन निर्माण, अपाङ्गमैत्री भवन निर्माण, संस्थाहरूका लागि सरसफाई विशेष कार्यक्रम, महिलाकालागि सिप विकास तालिम लगायतका कार्यक्रममा गाविसले बढी जोड लिएको तथा आवश्यकता अनुसार बजेट सदुपयोग गरेको कुरा सचिवले जानकारी गराउनुभएको थियो।

इन्सेक जिल्ला कार्यालय र वाल संरक्षण समितिको संयुक्त आयोजनामा २०६९ वैशाख १७ गते डाँगीवारी गाविसको भवनमा मानवअधिकार मैत्री योजना निर्माणमा समुदायको भूमिका विषयक कार्यक्रम गाविस सचिव प्रेमप्रसाद काफ्लेको प्रमुख आतिथ्य, जिल्ला बालसंरक्षण समितिका अध्यक्ष लक्ष्मण पाठकको अध्यक्षतामा र इन्सेक जिल्ला प्रतिनिधि अर्जुन बस्नेतको सञ्चालनमा सम्पन्न भयो। उक्त कार्यक्रममा ९ वटा वडाका समूह सदस्यहरु र गाविसको संयन्त्र, शान्ति समिति र कर्मचारीहरू गरी ५१ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा राजनीतिक पार्टी प्रतिनिधि तथा महिला प्रतिनिधिहरूले गाविसमा बजेट बाँडफाँड गर्दा सबै क्षेत्रलाई समेट्नु पर्ने कुरा राखेका थिए। भने गाविस सचिवले बाढी पीडित क्षेत्र भएकोले अन्य क्रियाकलापमा बजेट छुट्याउन नसकेको कुरा व्यक्त गरेका थिए।

### मानवअधिकार कक्षा सम्पन्न

इन्सेक पूर्वाञ्चल क्षेत्रीय कार्यालय विराटनगरले इन्द्रपुर गाविसस्थित सुकुना बहुमुखी क्याम्पसमा मानवअधिकार शिक्षा कार्यक्रम ०६९ असार २० गते सम्पन्न गरेको छ। शैक्षिक संस्थामा मानवअधिकार शिक्षा कार्यक्रमअन्तर्गत सो क्याम्पसको स्नातक तहका विद्यार्थीहरूलाई मानवअधिकारसम्बन्धी आधारभूत जानकारी




दिइएको थियो। यसैगरी विराटनगरस्थित गोग्राहा उच्च माविमा ०६९ असार १४ गते मानवअधिकार शिक्षा कार्यक्रम सम्पन्न भएको छ। शैक्षिक संस्थामा मानवअधिकार शिक्षा कार्यक्रमअन्तर्गत सो माविका वि.एड पहिलो वर्षमा अध्ययनरत विद्यार्थीहरूलाई मानवअधिकारसम्बन्धी आधारभूत जानकारी दिइएको थियो। स्नातक तह पहिलो वर्षमा अध्ययनरत विद्यार्थीहरूको सहभागिता रहेका यी कार्यक्रममा इन्सेक अभियान, मानवअधिकार, मानवअधिकारको सिद्धान्त र विशेषता, मानवअधिकार उल्लङ्घन तथा अपराध विषयमा छलफल गरिएको थियो भने इन्सेकका क्षेत्रीय संयोजक सोमराज थापा, कार्यक्रम अधिकृत शकुन्तला बराल र जिल्ला प्रतिनिधि दिपेन न्यौपानेले सहजीकरण गर्नुभएको थियो।

### व्यवस्थापन समितिसाग बैठक सम्पन्न

**मोरङ**

इन्सेक जिल्ला कार्यालय मोरङको आयोजनामा टङ्कीसिनवारीस्थित नरग्राम उमाविमा प्रधानाध्यापक सीताराम



भण्डारीको आतिथ्यमा बालअधिकार समीक्षा कार्यक्रम ०६९ जेठ १९ गते सम्पन्न भयो। कार्यक्रम सञ्चालन भएपछि यसको प्रभाव उपलब्धिका बारेमा छलफल र बहस गर्ने उद्देश्यले आयोजना गरिएको यस कार्यक्रममा कार्यक्रम सञ्चालित पाँचवटै विद्यालयका बालअधिकार चेतना समूहका पदाधिकारीहरु, प्रधान तथा संरक्षक शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गरी ७ महिला र १४ पुरुष गरी जम्मा २१ जनाको सहभागिता रहेको थियो।

**झापा**

यसैगरी इन्सेक जिल्ला कार्यालय झापाको आयोजनामा घैलाडुव्वा स्थित भृकुटी उच्च माविको सभाकक्षमा विद्यालयमा बाल क्लवको परिचालन तथा बालअधिकारसम्बन्धी कार्यक्रमको अनुभव आदान प्रदान कार्यक्रम ०६९ जेठ २२ गते सम्पन्न भयो। विद्यालय श्रोत केन्द्रकी शिक्षिका सरस्वती नेपालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको प्रमुख अतिथि लक्ष्मी निरौला र सञ्चालन अर्जुन बस्नेतले गर्नुभएको थियो। कार्यक्रममा बालअधिकार चेतना समूह गठन भएका पाँचवटै विद्यालयका बालअधिकार चेतना समूहका पदाधिकारीहरू, प्रधानाध्यापक, संरक्षक शिक्षकहरू गरी २९ जनाको सहभागिता रहेको थियो।

यी कार्यक्रममा विद्यालयमा हुने कार्यक्रमले विद्यार्थीहरूमा उत्साह थपेको, बालअधिकारका बारेमा जनचेतना अभिवृद्धि गरेको, अतिरिक्त क्रियाकलापमा क्षमता अभिवृद्धि गर्न टेवा पुऱ्याएको, इन्सेक र विद्यालयबीच सम्बन्ध सुदृढ गर्न सहयोग गरेको निष्कर्ष निकालेको थियो।

### प्रशिक्षण कार्यक्रम सम्पन्न

**मोरङ**

इन्सेक विराटनगरको आयोजनामा ०६९ जेठ १५ र १६ गते विराटनगरस्थित होटल रत्नाको हलमा अधिकृतस्तरका कर्मचारीहरु महिला ७ पुरुष २२ गरी जम्मा २९ जनाको सहभागिता रहेको थियो। तालिममा जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला शिक्षा कार्यालय, कारागार, भूसंरक्षण कार्यालय, पशु कार्यालय, नापी शाखा, जनस्वास्थ्य कार्यालय, हुलाक कार्यालय, जिल्ला प्रहरी कार्यालयका कर्मचारी तथा प्रहरीहरूको सहभागिता रहेको थियो। कार्यक्रममा मानवअधिकार र मानव अधिकार संरक्षणमा राज्यको भूमिका, पेशागत अधिकार सम्बन्धी अन्तराष्ट्रिय कानूनी व्यवस्थाहरू, विकास र विकासको अधिकार सम्बन्धी अवधारण, महिलाअधिकार, सुशासन र हाम्रो भूमिका र संक्रमणकालीन न्याय आदिको विषयमा तालिम प्रदान गरिएको थियो। कार्यक्रमको सहजीकरण इन्सेकका क्षेत्रीय संयोजक सोमराज थापा, राष्ट्रिय मानवअधिकार आयोगका क्षेत्रीय संयोजक कोषराज न्यौपाने,



अधिकृत अर्जुन कोइराला, अधिवक्ता जगत थापा, मञ्जिता उपाध्याय, अधिवक्ता चूडामणी आचार्यले गर्नुभएको थियो।

**झापा**

इन्सेक जिल्ला कार्यालय झापाको आयोजनामा जिल्ला विकास समितिको सभाकक्ष चन्दगढीमा पेशाकर्मीहरूका लागि २ दिने मानवअधिकारसम्बन्धी तालिम ०६९ असार १५ र १६ गते सम्पन्न भयो । शिक्षक र निजामति कर्मचारीसहित १५ वटा सरकारी कार्यालयका पेशाकर्मीहरूको सहभागीता रहेको तालिममा मानवअधिकार मैत्री कार्यालय र शिक्षण सिकाइका बारेमा प्रशिक्षण दिइएको थियो। तालिमलाई नेपाल बार एसोसिएसन झापाका अध्यक्ष टङ्क उप्रेतिले सुशासन र मानवअधिकार, एकीकृत विकास प्रतिष्ठानका अध्यक्ष विष्णु खरेलले विकासको अधिकारमुखी अवधारणा, शैक्षिक जनशक्ति तालिम केन्द्रका उपसचिव तोया रेग्मीले मानवअधिकार संरक्षण तथा संवर्द्धनका लागि कर्मचारीहरूको भूमिका, इन्सेक झापाका संयोजक लक्ष्मी निरौलाले



तालिमको उदेश्यलाई सहजीकरण गर्नुभएको थियो। तालिममा ७ जना महिला सहित ४१ जनाको सहभागिता रहेको थियो।

**अनुगमन सम्पन्न**

कार्ययोजनाअनुसार क्षेत्रीय तहबाट गर्नुपर्ने अनुगमन वार्षिक रूपमा इन्सेक क्षेत्र र केन्दबाट संयुक्त रूपमा मोरङ्ग, झापा, सिरहा र सुनसरीमा सञ्चालित मानवअधिकार शिक्षा र बालअधिकार प्रवर्द्धन कार्यक्रमकको क्षेत्रीय संयोजक सोमराज थापा र शकुन्तला बराल र इन्सेक के.का. प्रतिनिधिहरु भार्गव काफ्ले र बेद ढकालद्वारा अनुगमन गरिएको थियो । विद्यालय तथा समूहमा कार्यक्रमहरु उपलब्धिमूलक रूपमा भएको पाइएको छ। समूहहरूमा सामाजिक भावनाको विकास भएको छ भने संगठित रूपमा आवाज उठाइयो भने मात्र सफल हुनेरहेछौं भन्ने अनुभव भएको छ। सार्वजनिक विषयहरूमा चासो बढेको छ। बालबालिकाहरू एकदमै उत्साहित छन्। नेतृत्व क्षमतामा वृद्धि भएको छ भने अनुशासनमा राम्रो देखिएको छ भन्ने कुराहरू आएका थिए। कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा सबैको जोड रहेको थियो।

**मासिक सचेतना वैठक**

सीबीओजलाई सशक्त तथा सचेत बनाउनका लागि यस



अवधिमा दुवै जिल्लामा सचेतना वैठक सम्पन्न भए। जसमा स्वास्थ्य शिक्षाको अधिकार, सामाजिक र साँस्कृतिक अधिकार, नागरिक अधिकार लगायतका विषयहरूमा छलफल भएको थियो। सम्पन्न भएका ३२ वटा मासिक वैठकमा ९७३ जनाको सहभागिता रहेको थियो। वैठकमा समूहगत रुपमा आफ्ना गाउँघरमा भएका महिला हिंसाका वा मानवअधिकार उल्लङ्घनका घटनाहरूका बारेमा छलफल गर्ने र निकास खोज्ने प्रयास गर्न थालेका छन्।